# सरकारको असारे खर्च
# ३० दिनमा दुई खर्ब ३३ अर्ब बढी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार ।



सधैंका वर्ष जस्तै यस वर्ष पनि सरकारले असारे खर्च अत्याधिक रूपमा गरेको देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार असार महिनाको ३० दिनमा सरकारले दुई खर्ब ३३ अर्ब दुई करोड ३० लाख रुपैयाँ खर्च गरेको हो ।

सरकारले चालु आर्थिक वर्षको जेठ मसान्तसम्म सरकारले जम्मा १२ खर्ब ८२ अर्ब ९४ करोड ४३ लाख रुपैयाँ खर्च गरेको थियो । जुन चालु आर्थिक वर्षमा कुल खर्च लक्ष्यको ६८.९६ प्रतिशत थियो । असार ३० गतेसम्म आइपुग्दा सो खर्चमा वृद्धि भएर १५ खर्ब १५ अर्ब ९६ करोड ६३ लाख रुपैयाँ अर्थात् कुल खर्च लक्ष्यको ८१.४९ प्रतिशत पुगेको हो ।

जेठ मसान्तसम्म सरकारले पुँजीगत तर्फ एक खर्ब ४३ अर्ब ३८ करोड ८८ लाख अर्थात कुल वार्षिक लक्ष्यको ४०.६९ प्रतिशत मात्रै खर्च गरेको थियो । तर, असार मसान्तसम्म आइपुग्दा सो खर्च दुई खर्ब १४ अर्ब ९५ करोड २७ लाख अर्थात् कुल लक्ष्यको ६१ प्रतिशत पुगेको छ ।

त्यस्तै, सो अवधिसम्म सरकारले चालुतर्फ आठ खर्ब ५१ अर्ब ५८ करोड १९ लाख अर्थात् कुल लक्ष्यको ७४.६६ प्रतिशत खर्च गरेको थियो भने वित्तीय व्यवस्थातर्फ दुई खर्ब ८७ अर्ब ९७ करोड ३६ लाख रुपैयाँ अर्थात् कुल वार्षिक लक्ष्यको ७८.४१ प्रतिशत खर्च गरेको थियो । असार ३० गतेसम्म सरकारले चालुतर्फ नौ खर्ब ८० अर्ब ९७ करोड १२ लाख अर्थात् लक्ष्यको ८६ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ तीन खर्ब २० अर्ब चार करोड २४ लाख अर्थात् लक्ष्यको ८७.१४ प्रतिशत खर्च गरेको छ ।

चालु आर्थिक वर्षको सुरुवाती समयमा बजेट खर्च गर्न चुक्ने र असार महिनामा मात्रै खर्बौं पैसा खर्च गर्ने पुरानो प्रवृत्ति यसपटक पनि सरकारले दोहोर्‍याएको देखिएको छ। असारको ३० दिनमा मात्रै सरकारले चालु शीर्षक अर्थात् कर्मचारीको तलब भत्ता, गोष्ठीहरुमा एक खर्ब २९ अर्ब खर्च गरेको छ। यस्तै, विकासका नाममा पुँजीगत शीर्षकमा ३० दिनमा अवधिमा ७१ अर्ब ५६ करोड भन्दा बढी रकम खर्च गरेको छ ।

यस्तै, सो अवधिमा वित्तीय व्यवस्थापनतर्फ सरकारले ३२ अर्बभन्दा बढी असार महिनाको ३० दिनमा खर्च गरेको छ । तत्कालीन अर्थमन्त्री वर्षमान पुनले चालु आर्थिक वर्षका लागि १८ खर्ब ६० अर्बको बजेट ल्याएका थिए । जसको सबैभन्दा ठूलो खर्च असार महिनामा भएको देखिएको छ । असारमा अधिक बजेट खर्च गर्ने प्रवृत्ति गलत भएको भन्दै लामो समयदेखि विश्लेषकहरूले आलोचना गर्दै आएका छन् । तर, कुनैपनि सरकारले आर्थिक अनुशासन कायम राख्दै सच्याउने दिशातर्फ अगाडि बढ्न खोजेको देखिँदैन ।

# ठूला पूर्वाधार निर्माणका लागि वैकल्पिक वित्त



**काठमाडौं/मस** – उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विमानस्थल, रेलमार्ग लगायत पूर्वाधारका ठूला आयोजना निर्माणका लागि वैकल्पिक विकास वित्त परिचालन गर्ने बताएका छन् । प्रतिनिधिसभाको बैठकमा वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी सांसदहरुले राखेका प्रश्नहरूको जवाफ दिने क्रममा अर्थमन्त्री पौडेलले वैकल्पिक विकास कोष उर्जा विकास, विद्युत उत्पादन, विद्युत प्रसारण तथा वितरणमा परिचालन हुने बताए । यस्तै सडक निर्माण, सुरुङ मार्ग निर्माण तथा विस्तार, औद्योगिक विकास पूर्वाधार निर्माणमा परिचालन गरिने पनि जानकारी दिए ।

त्यसैगरी सहरी विकास पूर्वाधार, डाटा सेन्टरको स्थापना तथा सञ्चालन, केबुलकार, पोडवे निर्माण तथा सञ्चालनमा पनि वैकल्पिक विकास कोषको परिचालन हुने अर्थमन्त्रीको भनाइ छ । उनले स्वदेश तथा विदेशी लगानीबाट उच्च प्रतिफल दिने ठूला आयोजनाहरूमा लगानी हुँदा पूर्वाधार निर्माणमा स्रोतको कठिनाइको समस्या समाधान हुने विश्वास व्यक्त गरे ।

राष्ट्रिय प्राथमिकताका आयोजनाहरूमा स्रोत जुटाउन, सार्वजनिक पूर्वाधारमा विद्यमान लगानीको खाडल पूर्ति गर्न र परम्परागत वित्तीय स्रोतले धान्न नसक्ने आयोजनाहरूको वित्तीय अन्तर पूर्ति गर्ने उद्देश्यले सरकारले संसद्मा वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी विधेयक पेश गरेको छ । सार्वजनिक ऋणको आकार बढ्दै गएको सन्दर्भमा पूर्वाधार क्षेत्रमा निजी पुँजी आकर्षण गरी सार्वजनिक ऋणमा परेको चाप कम गर्ने, रोजगारी प्रवर्द्धन, दिगो विकास, पूर्वाधार आयोजनामा दीर्घकालीन लगानी सुनिश्चित गर्ने लगायतका उद्देश्य छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकले 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१' स्वीकृत गरेको छ । अर्थमन्त्री पौडेलले प्रस्तुत गरेको उक्त विधेयकलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको हो ।

## कर्पोरेट

### एनसेल 'लिग अफ क्रिएटर्स'
# अमनले जिते १० लाखको ब्रान्ड डिल




**काठमाडौं/मस** – एनसेलले अपट्रेन्डलीसँगको सहकार्यमा आयोजना गरेको 'लिग अफ क्रिएटर्स' प्रतियोगितामा ललितपुरका अमन महर्जनले १० लाख रुपैयाँ बराबरको एक वर्षको ब्रान्ड डिल जितेका छन् । उनले प्रतियोगितामा प्रथम स्थान हासिल गर्दै पुरस्कार स्वरूप यो डिल हात पारेका हुन् ।

आफूलाई म्याडम्वाजेल क्रिएटरका नामले चिनाउने काठमाडौंकी प्रभा श्रेष्ठले प्रतियोगितामा दोस्रो स्थान हासिल गर्दै ५ लाख रुपैयाँको ब्रान्ड डिल जितिन् भने बागलुङका मनिष रुचेलले तेस्रो बन्दै २ लाख ५० हजार रुपैयाँको ब्रान्ड डिल पुरस्कार जितेका छन् । त्यस्तै, बुटवलका प्रशान्त पाण्डेले चौथो स्थान हासिल गरी अपट्रेन्डली पीकका रूपमा एक लाख रुपैयाँको ब्रान्ड डिल जितेका छन् ।

गत शुक्रबार काठमाडौंमा आयोजित ग्रान्ड फिनाले कार्यक्रममाझ विजयी क्रिएटर हरूलाई पुरस्कार प्रदान गरिएको हो । 'देशमा विभिन्न भागमा फैलिएर रहेका भावी प्रतिभाशाली डिजिटल कन्टेन्ट क्रिएटरहरूको पहिचान र सशक्तीकरण गर्ने लक्ष्यका साथ आयोजना गरिएको यो प्रतियोगिता सम्पन्न भएको हो, एनसेलसँगको ब्रान्ड डिलले पुरस्कृतहरूलाई कन्टेन्ट क्रिएशनमा अझै निखारिएर अगाडि बढ्न ठूलो प्रेरणा मिल्नेछ भन्ने कुराममा म पूर्णरुपमा विश्वस्त छु', एनसेलका चिफ कमर्शीयल अफिसर उमेर मोहसिनले भने । प्रतियोगितामा सहभागी हुन प्राप्त भएका भिडियोहरू मध्येबाट उत्कृष्ट ५० जना क्रिएटरहरूलाई पाँच जना मेन्टरहरु सञ्जोग कोइराला, प्रतिमा अधिकारी, मिस्टर फूडी नेपाल, पराक्रम राणा र एकता तण्डुकारले छानेका थिए । उनीहरूलाई १०/१० जनाको समूहमा ५ जना मेन्टरहरूमार्फत् विशेष प्रशिक्षण र मेन्टरशिप प्रदान गरिएको थियो । सहभागीहरूले सामग्री योजना, सिर्जना प्रक्रिया, सन्देश प्रवाह, ब्रान्डसमक्ष आफू प्रस्तुत गर्ने रणनीतिलगायतका बारेमा प्रशिक्षण पाएका थिए ।

# प्रभुका ग्राहकले होपफुल हराइजनको सेवामा छुट पाउने



**काठमाडौं/मस** – प्रभु बैंक लिमिटेडका ग्राहक तथा कर्मचारीलाई झम्सिखेल, पुल्चोक, ललितपुरस्थित होपफुल हराइजन नेपालले उपलब्ध गराउने सेवामा छुट हुने भएको छ। दुई पक्षबीच भएको समझदारीअनुसार प्रभुका ग्राहक तथा कर्मचारीले होपफुलले उपलब्ध गराउने मानसिक स्वास्थ्य सम्बन्धी सेवाहरू छुट पाउने भएका हुन् ।

एक समारोहका बीच होपफुल हराइजन नेपालका तर्फबाट डा. प्रकृति प्रधान (परामर्शदाता मनोचिकित्सक) र प्रभु बैंकबाट प्रमुख मार्केटिङ अफिसर रमेश कुमार श्रेष्ठले समझदारी ज्ञापनपत्रमा हस्ताक्षर गरेका हुन् । उक्त समारोहमा प्रभु बैंकका प्रिभिलेज बैंकिङ प्रमुख, अन्जु बस्नेतको पनि उपस्थिति थियो ।

होपफुलको सेवामा छुट पाउन बैंकको मान्य डेबिट कार्ड, क्रेडिट कार्ड तथा प्रिभलेज कार्ड मध्ये कुनै एक होपफुल हराइजनमा पेश गर्नुपर्ने बैंकले जनाएको छ ।

# मंगलममा 'अवसर इक्वीटी डाइभर्सिफाइड फण्ड'को ३८ करोड लगानी




**काठमाडौं/मस**– मंगलम इन्डष्ट्रिज लिमिटेड (एमआईएल)ले निजी इक्विटी फण्ड 'अवसर इक्वीटी डाइभर्सिफाइड फण्ड'बाट ३८ करोड रुपैयाँ बराबरको रणनीतिक लगानी हासिल गरेको छ । कम्पनीले यो रणनीतिक लगानी एमआईएलको बृद्धि विकास यात्रा र भविष्यप्रतिको लगानीकर्ताको गहिरो विश्वासलाई संकेत गर्ने ऐतिहासिक उपलब्धि भएको जनाएको छ ।

लगानीबाट कम्पनीलाई आफ्ना कार्यसंचालन प्रक्रियाहरूको सुदृढीकरण गर्न, उत्पादनमा नवप्रवर्तन ल्याउन तथा नेपाल र बाहिरी बजारमा आफ्नो उपस्थितिलाई विस्तार गर्न मद्दत पुग्ने कम्पनीले विश्वास व्यक्त गरेको छ ।

'हामी अवसर इक्वीटी डाइभर्सिफाइड फण्डलाई हाम्रो रूपान्तरण यात्रामा रणनीतिक साझेदारका रूपमा स्वागत गर्न पाउँदा खुशी छौं', मंगलम इन्डस्ट्रिजका प्रमुख कार्यकारी अधिकृत अभिनव चुरिवालले भने, 'यो लगानीले हाम्रो व्यावसायिक मोडेललाई पुर्नपुष्टि मात्रै नगरी, हाम्रो कर्मचारी, डिलर, ग्राहक तथा सम्पूर्ण सरोकारवालाहरूको लागि ठूलो उत्प्रेरणा प्रदान गरेको छ जसले हाम्रो भविष्यको सफलताको आधार तयार गर्नेछ ।'

# बीमा प्राधिकरणको जिम्मेवारी सहसचिव पोखरेललाई



**काठमाडौं/मस** – नेपाल बीमा प्राधिकरणको अध्यक्ष पदबाट शरद ओझा निलम्बित भएपछि उक्त जिम्मेवारी अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेललाई दिइएको छ। उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमक्ष मंगलबार पोखरेलले पद तथा गोपनियताको सपथ लिएका हुन् ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले सहसचिव पोखरेललाई अर्को व्यवस्था नहुँदासम्मका लागि बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष भइ काम गर्ने गरी तोक्ने निर्णय गरेको थियो । नेपाल बीमा प्राधिकरण सञ्चालक समितिका अध्यक्ष ओझाका बारेमा उजुरी परेपछि मन्त्रिपरिषद्को बैठकले बीमा ऐन २०७९ को दफा १२ को उपदफा २ बमोजिम उच्च अदालतका पूर्व न्यायाधीश कृष्ण गिरीको अध्यक्षतामा तीन सदस्यीय छानविन समिति गठन गरेको थियो । छानबिन समिति गठन भएपछि ओझा स्वत: निलम्बन भएका थिए । यसैबीच, छानबिन समितका अध्यक्ष गिरी, सदस्यद्वय जीवनप्रकाश सिटौला र कपिलदेव ओलीले मंगलबार पत्र बुझेको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

# नागरिक लगानी कोषको योजनामा नेशनल लघुवित्त आबद्ध



**काठमाडौं/मस** – नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड आबद्ध भएको छ । उक्त लघुवित्तमा कार्यरत करिब ६ सय जना कर्मचारी सो योजनामा आवद्ध हुने सम्बन्धी सम्झौतामा कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वतकुमार कार्की र लघुवित्तको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रामबहादुर यादवले हस्ताक्षर गरेका हुन् ।

कोषको यस योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्ने व्यवस्था रहेको छ । यसअन्तर्गत योगदानमा वा गैर योगदानमा आधारित भएर संघ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्नेछन् ।

# डिजेल र पेट्रोलको मूल्य घट्यो



**काठमाडौं/मस**– नेपाल आयल निगमले डिजेल, मट्टितेल र पेट्रोलको मूल्य घटाएको छ। निगम सञ्चालक समितिको बैठकले मंगलबार मध्यरातदेखि लागू हुने गरी डिजेल, मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर १ रुपैयाँ र पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा डिजेल र मट्टितेल क्रमशः प्रतिलिटर एक सय ४५ रुपैयाँ ५० पैसा, एक सय ४७ रुपैयाँ र एक सय ४८ रुपैयाँ तथा पेट्रोल क्रमशः प्रतिलिटर एक सय ५७ रुपैयाँ ५० पैसा, एक सय ५९ रुपैयाँ र एक सय ६० रुपैयाँ तोकिएको छ ।

इन्डियन आयल कर्पोरेसशनबाट मंगलबार प्राप्त नयाँ मूल्यसूचीअनुसार डिजेल, मट्टितेल र पेट्रोलको मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

**Bardagoriya Rural Municipality**

**Water Sector Governance and Infrastructure Support Project (WaSGISP)**

**Bardagoriya Project Implementation Unit Bardagoriya, Kailali**

**INVITATION FOR BIDS**

**Date of Publication: 16th July, 2025**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**
**Invitation for Bids No: 04/WATER/PIU/BARDAGORIYA**

1. ***Bardagoriya Rural Municipality, Project Implementation Unit, Kailali*** invites the Bids from eligible bidders for the Construction of Water Supply Project mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | NP-DWSSM-484023-CW-RFB | Construction of Matgaura Water Supply Project in Bardagoriya Rural Municipality, Kailali | 32,00,000/- | 10,000/- | Single Stage Double Envelope, Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information of the Bidding Documents at the office of Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Bardagoriya Project Implementation Unit (PIU), Kailali, SudurPaschim Province, Nepal during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Project Manager**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**

CamScanner